आज मिति २०७८/२/१ गते सनिवारका दिन तपसिलको उपस्थितिमा दार्मा गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री निम बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | |
|---|---|
| श्री निम बहादुर के.सी. | अध्यक्ष |
| श्री टीका शर्मा वली | उपाध्यक्ष |
| श्री दुर्गा बहादुर मल्ल | ६ नं. वडा अध्यक्ष |
| श्री राम बहादुर के.सी. | ५ नं. वडा अध्यक्ष |
| श्री चन्द्र बहादुर रावत | ४ नं. वडा अध्यक्ष |
| श्री सेतिराम रोकाहा | ३ नं. वडा अध्यक्ष |
| श्री डिल्ली बहादुर के.सी | २ नं. वडा अध्यक्ष |
| श्री कविकुमार चन्द | १ नं. वडा अध्यक्ष |
| श्री अमृता थापा | कार्यपालिका सदस्य |
| श्री देवी खत्री | कार्यपालिका सदस्य |
| श्री धनिराम नेपाली | कार्यपालिका सदस्य |
| श्री जुना मल्ल चन्द | कार्यपालिका सदस्य |
| श्री मन्जु शाही | कार्यपालिका सदस्य |
| श्री अमृता कामी | कार्यपालिका सदस्य |
| श्री शान्ताराम कामी | कार्यपालिका सदस्य |
| श्री पुतला खड्का | १ नं. वडा सदस्य |
| श्री मधुसुदन के.सी. | ईन्जिनियर |
| श्री यज्ञ बहादुर बस्नेत | स्वास्थ्य शाखा प्रमुख |
| श्री विपिन पुन | सूचना प्रविधि अधिकृत |
| श्री सन्देश के.सी. | प्रशासन शाखा प्रमुख |
| श्री आकाश चन्द | हे.अ. |
| श्री बीजय कुमार वली | सब.ईन्जिनियर |

प्रस्तावहरु

१. भवन निर्माण सम्वन्धमा ।

२. स्वास्थ्यकर्मी, सफाईकर्मी तथा कर्मचारीहरुको लागि जोखिम भत्ता सम्वन्धमा ।

३. निर्णय अनुमोदन सम्बन्धमा ।

निर्णयहरुः

**निर्णय नं.१ः** भवन निर्माण सम्वन्धमाः- सामाजिक विकास मन्त्रालयबाट आधारभूत रणनैतिक अस्पताल निर्माणका लागि सहयोग शीर्षकमा प्राप्त रकम रु.५०,००,०००/- बाट यस दार्मा गाउँपालिका वडा नं. ३ मा अवस्थित प्रसुतिसेवा केन्द्र, फारुलाचौरको बाँकी रहेको जग्गामा प्रि-फ्याब्रिक वीधिको आईसोलेसन भवन उपभोक्ता समिति मार्फत निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ः** स्वास्थ्यकर्मी, कर्मचारी तथा सरसफाई कर्मीहरुको जोखिम भत्ता सम्वन्धमाः- विश्वभर महामारीको रुपमा फैलिरहेको नयाँ भेरिएन्ट सहितको कोभिड-१९ रोग नियन्त्रण तथा व्यवस्थापनमा तपसिलमा उल्लेखित बर्ग अनुसारका कर्मचारीलाई तपसिलमा उल्लेख भए बमोजिम मासिक रुपमा जोखिम भत्ता उपलब्ध गराउने व्यवस्था गरियो ।

| क्र.सं. | बर्ग | जोखिम भत्ता प्रतिशत(सुरु तलव स्केलको) | कैफियत |
|---|---|---|---|
| १. | विशिष्ट स्वास्थ्य जनशक्ति | २५०% | चिकित्सक |
| २. | अति उच्च जोखिमका स्वास्थ्यकर्मीहरु | १००% | आईसोलेसन सेन्टरमा खटिएका स्वास्थ्यकर्मी, स्वाव संकलनमा खटिने स्वास्थ्यकर्मी तथा सहयोगी र आईसोलेसन सेन्टरमा खटिने सफाईकर्मीहरु ,एम्बुलेन्स चालक |
| ३. | उच्च जोखिममा खटिएका स्वास्थ्यकर्मीहरु | ७५% | होम आईसोलेसनमा रहेका संक्रमित ब्यक्तिको चिकेजाँच तथा उपचार, परामर्श तथा प्रेषणमा खटिएका स्वास्थ्यकर्मीहरु, कोभिड संक्रमित विरामी आईसोलेसन केन्द्रसम्म ओसार पसार गर्ने गांडि चालक |
| ४. | जोखिममा | ५०% | स्वास्थ्य संस्थामा रही निरन्तर फिवर क्लिनिक, |

| | | | |
|---|---|---|---|
| | खटिएका कर्मचारी | | प्रसुति सेवा साथै नियमित सेवा दिने स्वास्थ्यकर्मी तथा सफाईकर्मीहरु |

**निर्णय नं. ३** , निर्णय अनुमोदन सम्बन्धमाः विश्वभरी महामारीको रुपमा फैलिएको कोभिड-१९ रोगको रोकथाम तथा नियन्त्रणको लागि मिति २०७८।०१।२२ गते बसेको पालिका स्तरीय द्रुत प्रतिकार्य टोलि (RRT) को बैठकको निर्णय बाट कोभिड१९ संक्रमित बिरामीहरुको संख्या दिन प्रतिदिन बढदै गएकोले कोभिड१९ संक्रमितहरुको व्यवस्थित उपचार तथा व्यबस्थापनको लागि पालिका स्तरमा २५ वेडको आईसोलेसन केन्द्र दार्मा गाउँपालिका-३, फारुलाचौर सल्यानमा स्थापना गरी मिति २०७८।०१।२२ गते देखि नै उपचार सेवा संचालन गर्ने निर्णय भएकोले उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।